मिति २०७७।११।०७ र ८ गते सञ्चालन गरिएको आ.व. ०७७।७८ को अर्धवार्षिक समीक्षा कार्यक्रम पश्चात् महालक्ष्मी नगरपालिकाका सबै शाखा प्रमुख र वडा सचिवहरुले गरेको सामूहिक प्रतिबद्धता-पत्र

१. उपभोक्ता समिति गठन गर्न बाँकी योजनाहरूको २०७७ चैत १५ गते सम्ममा उपभोक्ता समिति गठन गरी सम्झौताको सिफारिस गर्ने/गराउने छौँ।

२. बोलपत्र आव्हान गर्नुपर्ने सबै योजनाहरू २०७७ चैत १५ गते मसान्त भित्र बोलपत्र आवहान गरिने छ।

३. कार्यालयमा निर्धारित पोषाक, परिचयपत्र लगाउने छौँ। नियमितता, अनुशासन एवम् पदीय आचरण बमोजिमको व्यवहारलाई आत्मसात गर्ने छौँ।

४. वार्षिक स्वीकृत नीति कार्यक्रमहरू सम्बन्धित शाखा, वडा कार्यालयबाट तोकिएको समयमा नै सम्पन्न गर्ने/गराउने छौँ। यसरी कार्य सम्पन्न गर्दा कम्तिमा ९०% मा नघट्ने गरी प्रगति हाँसिल गर्ने/गराउने छौँ।

५. सेवा प्रवाह एवम् कार्य सम्पादनको सन्दर्भमा व्यवसायिक नैतिकता, अनुशासन एवम् कर्तव्यनिष्ठ हुनेछौँ।

६. आफ्नो जिम्मेवारी एवम् उत्तरदायित्व पुरा हुन नसकेमा सम्बन्धित कर्मचारी जवाफदेही हुनेछौँ।

७. जिम्मेवारी पुरा गर्ने सन्दर्भमा कुनै समस्या वा बाधा परेमा सुपेरीवेक्षकलाई जानकारी गराई समस्या समाधान गर्ने/गराउने छौँ।

८. दैनिक कार्य सम्पादन डायरीको उद्देश्यमुलक प्रयोग गरी सेवा प्रवाहलाई व्यवस्थित बनाउने छौँ।

९. सेवाग्राही मैत्री व्यवहार गर्ने/गराउने छौँ। विनम्रता पूर्वक कार्य सम्पादन एवम् सेवा प्रवाह गर्ने/गराउने छौँ।

१०. अन्तर शाखा , वडा कार्यालय तथा अन्तर वैयक्तिक सुमधुर सम्बन्ध राखी समन्वयात्मक रूपमा कार्य सम्पादन गर्ने/गराउने छौँ।